annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ५७, पृष्ठ ८ | काठमाडौं, शुक्रबार १२ असार २०८३ | ज्येष्ठ शुक्लपक्ष द्वादशी नेपाल संवत् ११४६ | FRIDAY, JUNE 26, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# भद्रगोल महाधिवेशन, नेता नै असन्तुष्ट



राष्ट्रिय स्वतन्त्र पार्टीको मूल नारा हो- ‘जान्नेलाई छान्ने’। त्यसैकारण पार्टीको पहिलो महाधिवेशन कस्तो होला भन्नेमा सबैको चासो र जिज्ञासा थियो। तर, व्यवस्थापन र प्रक्रियागत त्रुटिका कारण महाधिवेशन ‘भद्रगोल’ बन्यो। केन्द्रीय सदस्यको निर्वाचनका क्रममा पार्टीका नेता तथा कार्यकर्तामा तीव्र असन्तुष्टि देखापर्‍यो। केन्द्रीय नेताहरूकै असन्तुष्टिले सामाजिक सञ्जालहरू रंगिए। जानकारहरू पुराना पार्टीभन्दा रास्वपाको महाधिवेशन खासै फरक नदेखिएको टिप्पणी गर्न थालेका छन्।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*
**अनिल ढकाल** | *चितवन*

विस्तृत पृष्ठ २

## सरकारको आश्वासनपछि खुले पूर्वका चिया उद्योग



**अन्नपूर्ण** | *झापा*

भारततर्फको निर्यातमा सिर्जित अवरोधका कारण विगत १० दिनदेखि ठप्प रहेका पूर्वी नेपालका चिया उद्योगहरू पुन: सञ्चालनमा आएका छन्।

प्रधानमन्त्री कार्यालयले चिया क्षेत्रका विद्यमान समस्याहरूलाई गम्भीरतापूर्वक लिँदै यथाशीघ्र कूटनीतिक तथा प्रशासनिक पहल गर्ने आश्वासन दिएपछि उद्योगीहरू उद्योग खोल्न सहमत भएका हुन्।

नेपालबाट भारत निर्यात गरिने तयारी चियालाई भारतीय पक्षले प्रयोगशाला परीक्षणको बहानामा अवरोध पुर्‍याएपछि करिब ३ लाख केजी चिया भारतीय गोदाममै थन्किएको थियो। नेपालका गोदामहरूमा पनि १० लाख केजीभन्दा बढी चिया थन्किएपछि बाध्य भएर इलामका उद्योगीले असार १ देखि र झापाका उद्योगीले असार ४ देखि आफ्ना उद्योगहरू पूर्णरूपमा बन्द गरेका थिए।

यस अवधिमा झापाका ३० र इलामका ६५ गरी पूर्वका कुल ९९ चिया उद्योगहरू ठप्प बनेका थिए, जसका कारण साना-ठूला गरी सयभन्दा बढी चिया बगानको कामसमेत पूर्ण रूपमा प्रभावित भएको थियो।

चिया निर्यातको गाँठो फुकाउन सरकारले एक उच्चस्तरीय विशेष कार्यदल गठन गरेको छ। प्रधानमन्त्री बालेन शाहकी प्रेस सल्लाहकार दीपा दाहालका अनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको द्विपक्षीय तथा क्षेत्रीय व्यापार महाशाखाका सह-सचिवको संयोजकत्वमा यो कार्यदल बनेको हो। कार्यदलमा प्रधानमन्त्री कार्यालय, अर्थ, गृह, परराष्ट्र, र कृषि मन्त्रालयका उपसचिवहरूका साथै भन्सार विभाग, खाद्य प्रविधि, गुणस्तर विभाग र चिया विकास बोर्डका पदाधिकारीहरू सदस्य छन्।

नेपाल चिया उत्पादक संघका वरिष्ठ उपाध्यक्ष शिवकुमार गुप्ताले सरकारको सकारात्मक पहल र आश्वासनपछि बिहीबारदेखि नै फाटफुट रूपमा उद्योगहरू खुल्न थालेको जानकारी दिए। शुक्रबारदेखि झापा र इलामसहित पूर्वका सबै उद्योग र बगानहरूमा काम पूर्ववत् रूपमा सञ्चालन हुने उनले बताए।

# विश्वकपको माहोलमा नेपाली फुटबल निलम्बित

**अन्नपूर्ण** | *काठमाडौं*

विश्व फुटबलको सर्वोच्च संस्था फिफाले अखिल नेपाल फुटबल संघ (एन्फा) लाई निलम्बन गरेको छ। अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) काउन्सिल ब्युरोले बुधबार राति विधानको धारा १४ बमोजिम एन्फालाई अर्को सूचना जारी नहुञ्जेलसम्मका लागि निलम्बन गर्ने निर्णय गरेको हो।

फुटबल प्रशासनमा तेस्रो पक्षको हस्तक्षेप भएको निष्कर्ष निकाल्दै फिफाले यस्तो निर्णय गरेको हो। एन्फा निलम्बनसँगै नेपाली राष्ट्रिय टोली, महिला टोली तथा क्लबहरूले अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउनबाट बञ्चित भएका छन्। फिफाद्वारा जारी पत्रअनुसार एन्फाको स्वायत्ततामाथि बाह्य हस्तक्षेप भएको र फुटबल प्रशासन स्वतन्त्र रूपमा सञ्चालन हुन नसकेको देखिएकाले निलम्बनको निर्णय गरिएको हो। फिफाको विधानमा कुनै पनि सदस्य राष्ट्रको फुटबल संघ सरकारी वा अन्य तेस्रो पक्षको प्रत्यक्ष हस्तक्षेपबाट मुक्त हुनुपर्ने प्रावधान छ।

यो विवाद मुख्यत: एन्फा र राष्ट्रिय खेलकुद परिषद् (राखेप) बीचको अधिकारसम्बन्धी मतभेदबाट उत्पन्न भएको हो। राखेपले गत चैतमा एन्फाको नेतृत्वलाई निलम्बन गरी निर्वाचन प्रक्रिया रोक्न निर्देशन दिएको थियो। फिफा र एसियाली फुटबल महासंघ (एएफसी)ले त्यसलाई फुटबल प्रशासनमा अनुचित हस्तक्षेपका रूपमा व्याख्या गर्दै त्यसो नगर्न पटक-पटक चेतावनी दिएका थिए। तर, राखेपले विश्व फुटबलको दुई निकायको चेतावनीलाई अवज्ञा गर्दै एन्फाको तदर्थ समिति बनाउने गृहकार्य थालेपछि फिफाले निलम्बन गरेको हो।



सरकारी हस्तक्षेपका कारण निलम्बन भएको होइन। राखेपले डेढ महिना अघि नै निलम्बन फिर्ता लिइसकेको छ। आफू पदमा बसुञ्जेलसम्म फल खाने। पदबाट हट्ने बेलामा बोट नै काटेर हिँड्ने प्रवृत्ति एन्फाका पदाधिकारीले देखाउनुभयो।

**–रामचरित्र मेहता**
सदस्यसचिव, राखेप

राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव रामचरित्र मेहताले यो दुर्भाग्यपूर्ण रहेको जनाउँदै सरकारले गम्भीरतापूर्वक लिएको बताए। ‘नेपाली फुटबल निलम्बनमा पर्नु पक्कै पनि दुर्भाग्यपूर्ण छ। यसलाई सरकारले गम्भीरतापूर्वक लिएको छ’, उनले भने, ‘सरकारी हस्तक्षेपका कारण निलम्बन भएको होइन। राखेपले डेढ महिना अघि नै निलम्बन फिर्ता लिइसकेको छ। आफू पदमा बसुञ्जेलसम्म फल खाने। पदबाट हट्ने बेलामा बोट नै काटेर हिँड्ने प्रवृत्ति एन्फाका पदाधिकारीले देखाउनुभयो।’

अखिल नेपाल फुटबल संघका उपमहासचिव बद्री भट्टराईले केही सीमित व्यक्तिको जुँगाको लडाइँका कारण नेपाली फुटबल निलम्बनमा परेको बताए। उनले एन्फा निलम्बनमा पर्छ भन्ने थाहा हुँदाहुँदै सबै चुपचाप लागेर बस्दा यो अवस्था आएको दाबी गरे।

» बाँकी पृष्ठ ६

## भेनेजुएलामा शक्तिशाली भूकम्प



» विस्तृत पृष्ठ ३

# अमेरिकी विश्वकप टोलीमा आधा आप्रवासी

### लाइबेरियाका पूर्वराष्ट्रपतिका छोरा नै अमेरिकी राष्ट्रिय टोलीमा

**सुरज भण्डारी** | *अमेरिका*



जारी फिफा विश्वकप २०२६ को आयोजक राष्ट्र संयुक्त राज्य अमेरिकाको राष्ट्रिय फुटबल टोलीमा लाइबेरियाका पूर्वराष्ट्रपतिका छोरासहित अधिकांश आप्रवासी पृष्ठभूमिका खेलाडी छन्। अमेरिकी फुटबल महासंघका अनुसार २६ सदस्यीय विश्वकप टोलीमा १३ जना खेलाडी दोहोरो राष्ट्रियता र आप्रवासी परिवारबाट सम्बन्धित छन्। अर्थात् अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा)को नियमानुसार उनीहरू अमेरिकाबाहेक अर्को देशको राष्ट्रिय टोलीबाट पनि खेल्न योग्य हुन्। तर, उनीहरूले अमेरिकालाई रोजेका छन्।

अमेरिका विश्वभरबाट आएका आप्रवासीहरूको देश भएकाले राष्ट्रिय टोलीमा पनि युरोप, अफ्रिका, ल्याटिन अमेरिका र क्यारिबियन क्षेत्रसँग पारिवारिक सम्बन्ध भएका खेलाडीहरूको उल्लेखनीय उपस्थिति रहेको छ। अमेरिकी फुटबल स्काउटिङ विभागका अधिकारीहरूले अमेरिकी फुटबल टोलीमा करिब ६५ प्रतिशत हिस्सा दोहोरो वा बहुराष्ट्रिय पृष्ठभूमिका खेलाडीको रहेको बताएका छन्।

फुटबल विश्लेषकहरूका अनुसार विभिन्न संस्कृति, भाषा र फुटबल शैलीबाट आएका खेलाडीहरूले अमेरिकी टोलीलाई अन्तर्राष्ट्रिय स्तरमा थप प्रतिस्पर्धी बनाएका छन्। आधुनिक अमेरिकाको झल्को दिएको अमेरिकी टोलीमा टेक्सासदेखि क्यालिफोर्निया,न्युयोर्कदेखि फ्लोरिडासम्मका खेलाडी छन्, तर उनीहरूका पारिवारिक पृष्ठभूमि नाइजेरिया, लाइबेरिया, मेक्सिको, क्रोएसिया, जमैका, एल साल्भाडोर, जर्मनी र नेदरल्यान्ड्ससम्म फैलिएका छन्। विविधताले भरिएको टोली भएकैं कारण विश्वकपमा अमेरिकाको सफलतामा पनि महत्त्वपूर्ण योगदान पुगेको छ।

अमेरिकी टिमका फरवार्ड टिम वेआ लाइबेरियाका पूर्वराष्ट्रपति जर्ज वेआका छोरा हुन्। जर्ज विश्व प्रसिद्ध बालोन डी ओर (१९९५ को) जित्ने पहिलो अफ्रिकन फुटबलर पनि हुन्। जारी विश्वकपमा उत्कृष्ट प्रदर्शन गर्दै दोस्रो चरण प्रवेश सुनिश्चित गरिसकेको अमेरिकी पुरुष राष्ट्रिय फुटबल टोलीमा देखिएको यस प्रकारको विविधता अहिले निकैं चर्चाको विषय बनेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड जे ट्रम्प र उनको नेतृत्वको प्रशासन आप्रवासीप्रति अनुदार देखिएको भन्दै आलोचना भइरहेका बेला अमेरिकी राष्ट्रिय फुटबल टोलीभित्र आप्रवासी पृष्ठभूमिका आधा खेलाडी रहेपछि त्यसले राजनितिक रूपमा पनि चर्चा बटुलेको छ।

अमेरिकी टोलीमा अमेरिकाभन्दा बाहिर जन्मिएकादेखि लिएर आप्रवासी परिवारका सन्तानको संख्या उच्च रहेको छ।

**अमेरिकाभन्दा बाहिर जन्मिएका खेलाडी**

**सेर्जिनो डेस्ट :** अमेरिकी टोलीका भरपर्दा डिफेन्डर सर्जिनो नेदरल्यान्ड्समा जन्मिएका हुन्। उनका पिता सुरिनामबाट अमेरिका बसाई सरेका थिए। उनकी आमा नेदरल्यान्डसकी हुन्। सुरिनामी-अमेरिकी पिता र डच आमाबाट जन्मिएका सेर्जिनोका लागि दुई देशको विकल्प हुँदाहुँदै अमेरिकालाई रोजे। फुटबल क्लब बार्सिलोनाबाट व्यावसायिक फुटबल खेलेका सेर्जिनोले अमेरिकाका लागि २०१९ मा डेब्यु गरेका थिए।

» बाँकी पृष्ठ ६